सम्माननीय/माननीय/श्री.................................................
.................................................
.................................................
.................................................

# यसपालिको राष्ट्रिय कविता महोत्सव

नेपाल प्रज्ञा प्रतिष्ठानको ५३औं जन्मजयन्तीको अबसरमा राष्ट्रिय कविता-महोत्सव २०६७ असार ९ गते भव्य समारोहबीच सुसम्पन्न भयो । प्राज्ञ बेञ्जु शर्माको अध्यक्षतामा भएको उक्त महोत्सवमा प्रमुख अतिथि कुलपति वैरागी काइँला, विशिष्ट अतिथि संस्कृति मन्त्रालयका सचिव मोदराज डोटेल, अतिथिहरूमा उपकूलपति गंगाप्रसाद उप्रेती, सदस्यसचिव सनत रेग्मी, अतिथिहरुमा प्राज्ञ विष्णु प्रभात, प्राज्ञ बुँद राना लगायत जम्मा १८ जना हुनुहुन्थ्यो । यस महोत्सवमा देशभरिका २९१ जना कविहरूले भाग लिएका थिए । सो मध्ये ३२ जना स्रष्टाको सिर्जनालाई प्रतियोगी बनाइएकोमा त्यसबाट प्रथम, द्वितीय र तृतीय ३ जना गरी ५ स्रस्टाहरूलाई पुरस्कृत गरिएको थियो । १२:३० को समय दिइएको भए पनि झण्डै १:२५ को समयमा उक्त कवि गोष्ठी सञ्चालन भयो । नेपाली टाइम यस्तै हुन्छ भन्ने बुझेको मलाई त्यति अनौठो लागेन । जीवनका ६९ बसन्त बिताउँदै गर्दा सर्वप्रथम मैले यस समारोहमा भाग लिएको हुँ दर्शकको रुपमा । यस माहोत्सवमा उद्घाटन कविता वाचन कूलपतिबाटै शुरु गरियो भने दोस्रो




कविता प्रतियोगी कवि प्रोल्लास सिन्धुलीयको थियो । तेस्रा प्रतियोगी नारायण निराशीले वाचन गरेको पद्य कविता मलाई निकै राम्रो लाग्यो । यसरी मलाई लागेअनुसार सशक्त कविता, 'दिल्लीका मच्छडहरू' स्रष्टा अतिथि कविता मातृका पोखरेल, प्रतियोगी कवि रमेश सायन, कवि राउत, बाबु त्रिपाठी, सिन्धु गौतम, मनोज न्यौपाने, विजय सुब्बा आदिले सशक्त कविता वाचन गर्नुभयो । पद्य कविता वाचन गर्नेहरूमा रामप्रसाद ज्ञवाली, हरि शर्मा 'हरिश', भोला धरातल आदि एक हातको औंलामा पनि गन्न नपुग्ने स्रष्टा थिए । रामप्रसाद ज्ञवालीको कविता-वाचन गर्ने ढंग नवीन प्रकारको थियो । उहाँले 'छुसी' नामको कविता शार्दूलविक्रिडित छन्दमा पढ्नुभएको थियो ।

समग्रमा भन्नुपर्दा यसपालिको कविता महोत्सवमा युवा स्रष्टाहरूको बाहुल्य पाइयो । यसरी युवा स्रष्टाहरूलाई महत्वपूर्ण अवसर प्रदान गरेकोमा प्रज्ञा प्रतिष्ठानलाई धन्यवाद दिनैपर्छ ।

यसरी अतिथि कवि र प्रतियोगी कवि गरी ५० भन्दामाथिको संख्यामा स्रष्टाहरूले भाग लिए भने दर्शकदीर्घामा रहने महानुभावहरू पनि प्रशस्तै थिए । प्रज्ञा प्रतिष्ठानको नियमानुसार ५ जना स्रष्टालाई कविता प्राप्त भएपछि महोत्सव हुनुभन्दा अगाडि नै विशेषज्ञहरूबाट जाँच गराई प्रथम, द्वितीय र तृतीय तीन जना घोषित गरिँदोरहेछ र महोत्सव समारोहमा तिनको नाम नसुनाई सञ्चार माध्यमबाट सुन्न पाइने जानकारी गराइयो । त्यसपछि सभा विसर्जन भएको थियो ।

*– सोमराज 'अभय'*

# दाइजोले जन्मायो घरेलु हिंसा

*सन्ध्या रेग्मी*

चौध वर्षकै उमेरमा विवाह बन्धनमा बाँधिएकी तुल्सीपुर–४ खर्चवाकी ३० वर्षीया फुर्सी परियार १५ वर्षसम्म मानसिक र शारीरिक यातना पाईन् । ३ छोरी र २ छोराकी आमा फुर्सी पति देवबहादुर परियारको चरम यातना सहन नसक्ने भएपछि सुरक्षाका लागी संघ-संस्था गुहार्न बाध्य भईन् । हाल उनी महिला हिंसा सम्बन्धि काम गर्दै आएको गैरसरकारी संस्था महिला पुनर्स्थापना केन्द्र ओरेक नेपालको सुरक्षा गृहमा शरण लिएकी छन् । 'रात पर्नसाथ शरीर दु:ख्न थाल्छ' उनले यातनाबाट लागेको निला दाग देखाईन् । उनलाई आफ्नो जीवन बर्बाद भएकोभन्दा पनि तीन छोराछोरीको भविष्य सम्झेर छटपटी लाग्छ ।

फुर्सीका पति देवबहादुर नेपाली सेनामा कार्यरत थिए । श्रीमानले छोराछोरीलाई समेत नराम्रो व्यवहार गरेको फुर्सी बताउँछिन् । आफू पतिबाट वैवाहिक बलात्कार र चरम शारीरिक यातनाको शिकार बनेको उनको आरोप छ । ६ वर्षीया छोरीलाईसमेत बलात्कारको प्रयास भएपछि उनीहरूबीचको सम्बन्ध नराम्ररी बिग्रियो ।'दाईजो नल्याएको र धेरै छोराछोरी पाएको आरोप लगाएर म माथि सधैं आई लाग्थे,' फुर्सीले आँशु बगाउँदै पीडा कम गर्ने प्रयास गरिन् ।

गतवर्षको चैत्र १८ गते राती हिंसाले सीमा नाघ्यो । रक्सीले मातेर आएका पति देवबहादुरले मरणासन्न हुने गरि कुटपिट गरेर निर्वस्त्र बनाएर उनलाई घरबाट निकाले । घरका अरु सदस्यले पनि अमानविय व्यवहार गरे । माईतमा पनि सहारा पाउन कठिन भएपछि उनी दुधे बालक च्यापेर पतिको पुर्ख्यौली थलो प्युठान पुगिन् । त्यहाँ पनि जीवन धान्ने उपाय नभेटिएपछि उनी भौतारिँदै दाङको घोराही आईपुगेकी हुन् । सेनाले हाडनाता करणीको प्रयास गरेको आरोपमा देबबहादुरलाई सेनाको जागिरबाट निलम्बन गरेको छ । २०६५ असारमा फुर्सीले दाङ–देउखुरी जिल्ला अदालतमा सम्बन्ध विच्छेद र अंश मुद्दा दर्ता गराएकी छन् । कानुनी प्रकिया लामो भएका कारण उनले हालसम्म न्याय पाएकी छैनन् ।

न्याय पाउने आशामा छु,' आफूलाई बिना कसुर चरम यातना दिने पतिलाई कानुनले कडा सजाय दिनुपर्ने माग गरिन् । उनले तीन छोराछोरीलाई पढ्ने ब्यवस्था मिलाइ दिन आग्रह गरेकी छन् । उनको मुद्दा अदालतमा पेशीको प्रक्रियामा रहेको छ । मुद्दा नेपाल बार एशोसिएसन दाङले नि:शुल्क हेरिदिएको छ । विगत ४ महिनादेखि सुरक्षा गृहमा आश्रय लिइरहेकी मानपुर–८ की ३१ वर्षीया माया चौधरी घरमा पति र सासुले बस्न नदिएको बताउँछिन् । एक छोराकी आमा चौधरी भन्छिन्,–पति घरबाट निकालेपछि गोठमा बस्न थाले, तर गोठमा पनि ताल्चा लगाएपछि बिचल्ली भएर यता आएकी छु ।'

विवाह भए लगतै प्रशस्त दाईजो नल्याएका कारण देखाउँदै पटक-पटक शारीरिक र मानसिक यातना भोग्नुपरेको चौधरी बताउँछिन् । पतिको यातनाबाट विक्षिप्त अवस्थामा माईतको शरणमा पुगेकी थिईन् । त्यहाँ पनि बस्न सजिलो भएन् । ०६६ कात्तिक २९ गते पतिको निर्घात कुटपिटपछि अचेत भएकी चौधरीलाई मंसीर १ गते स्थानियबासीले उद्दार गरेर सुरक्षा गृहमा ल्याई दिएका हुन् । श्रीमानले अर्की श्रीमती बिहे गरेर फरार भएपछि उनी थप चिन्तामा परेकी छन् । गैरसरकारी संघ-संस्थाको सहयोगमा उनले तुल्सीपुर अदालतमा बहु विवाह मुद्दा दर्ता गराएकी छन् । उनी न्यायको प्रतिक्षामा छिन् ।

फुर्सी र माया चौधरी जस्तै विगत दुई महिनादेखी सुरक्षा गृहमा बस्दै आएकी ३५ वर्षीया हिंसा पीडित महिला सरिता पाण्डेसँग न्याय पाउने सजिलो बाटो छैन । रामपुर–६ का शरद पाण्डेसँग उनको विहे भएको थियो । उनी विवाह भएको पहिलो महिनादेखि पतिको कुटपिटको शिकार हुनुपरेको बताईन् । गर्भवति र सुत्केरी हुँदा पनि पतिले कुटपिट र यौन शोषण गरेको उनको गुनासो छ । जसका कारण पाठेघर खस्ने समस्याबाट उनी ग्रसित भईन् ।'दाइजो नल्याएको भन्दै दैनिक कुटपिट गर्थ्यो'–उनले भनिन्,–बिहे गरेको १६/१७ वर्षसम्म दैनिकजसो परिवार र पतिबाट लाञ्छना, अपहेलना, कुटपिट र चरम यौन शोषण सहनुपऱ्यो ।'

पारिवारिक इज्जतको लागी आफूमाथि भैरहेको अत्याचार सार्वजनिक नगरेकी उनी ०६६ माघ २० गते पतिको कुटपिटपछि ४ दिनसम्म अचेत भएपछि बहिनीको सहयोगमा उद्धार गरेर सुरक्षा गृहमा बस्दै आएकी छन् । उनी हाल न्यायका लागि अदालतसम्म पुगेकी छन् । निकै लामो अदालती प्रकियापछि उनको सम्बन्ध बिच्छेदको मुद्दा अदालतमा दर्ता भएको छ । अदालतले मद्दाको तारिख दिएको छ । घरेलु हिसां, यौन शोषण, बहुविवाह र हिंसा महिलाका मुख्य समस्या बनेको महिला अधिकारकर्मी रचना सुवेदीले बताईन् । दाङमा यस वर्ष १ सय ९५ वटा घरेलु हिंसाका घटना भएको ओरेक नेपालको तथ्याङ्मा उल्लेख छ । कानुनमा बहुविवाह र घरेलु हिंसा गर्नेलाई एक वर्ष देखी ३ वर्षसम्म कैद र २५ हजार जरिवाना, यौन दुर्व्यवहार गरेमा १ वर्षसम्म कैद र १० हजार जरिवाना, कुटपिटको प्रकृति हेरी ३ वर्ष, ६ वर्ष र १० वर्ष कैद सहित जरिवाना हुने उल्लेख गरेको छ । दाइजो माग्ने कार्यलाई दण्डनिय भनेको छ । तर, कानुनको व्यवहारिक रुपमा कार्यान्वयन हुन नसकेकाले महिलाहरू हिंसामा पर्ने गरेको अधिवक्ता गोमा महराले बताईन् । हालसम्म दाङ जिल्लामा महिला हिंसा गर्ने कुनै पनि व्यक्तिले कानुनी सजाय नपाएको उनले बताईन् । बहुबिवाह, कुटपिट र सम्बन्ध बिच्छेदका, मुद्दाहरू आफू समक्ष आए पनि प्राय: अदालतसम्म पुग्न नपाई मिलापत्रमा मै टुङ्गिने गरेको अधिवक्ता महराको अनुभव छ ।

## हस्ताक्षर





**(नेपाली भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याउनु भएका जीवित एवं दिवंगत स्रष्टाहरुको संकलित 'हस्ताक्षर' विज्ञ पाठकवर्गका लागि धाराबाहिक रूपमा प्रस्तुत गर्ने क्रममा यस पटक साहित्यकार श्रीओम श्रेष्ठ 'रोदन'को हस्ताक्षर प्रस्तुत गरेका छौं– सं.)**

**नाम** : श्रीओम श्रेष्ठ 'रोदन'
**जन्म** : २०१९/७/१५, झम्सिखेल, ललितपुर
**शिक्षा** : बि.ए./बि.एड.
**बाजे** : रामप्रसाद श्रेष्ठ
**बुवा/मुमा** : शिवप्रसाद श्रेष्ठ
**परिवार** : ललिता श्रेष्ठ (श्रीमती), एक छोरा, एक छोरी
**विधा** : कथा, निबन्ध, र नियात्रा ।
**अभिरूची** : अध्ययन, भ्रमण, लेखन ।

**सम्मान/पुरस्कार** : तृतीय : एकांकी नाटक प्रतियोगिता (२०४१,२०४३), उत्तम शान्ति पुरस्कार (२०५४), प्रतिभा युवा सम्मान (२०५४), वीरगञ्ज साहित्य परिषद् सम्मान (२०५५), नेपाल बैंक कर्मचारी संघद्वारा अभिनन्दन (२०५६), श्रीविक्रम राणा स्मृति साधना सम्मान (२०५६), युवा वर्ष मोती पुरस्कार (२०५७), त्रिचन्द्र देवकोटा सम्मान (२०६१), शंकर लामिछाने युवा निबन्ध पुरस्कार (२०६३), अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज पुरस्कार, अमेरिका (२०६४) ।

**कृति** : ललिता (कविता संग्रह २०४५), सरगम (सं.कविता संग्रह २०४७), समवेदनाका स्वरहरू (संयुक्त निबन्ध संग्रह, २०५४), अर्थहीन अर्थहरू (निबन्ध संग्रह, २०५५), आँखीझ्याल (पहिलो हस्तलिखित लघु कथा संग्रह, २०५८), शुभारम्भ (सम्पादन लघुकथा संग्रह, २०५४), सञ्चयन (सम्पादन लघुकथा संग्रह, २०५५), समयका सम्भावनाहरू (निबन्ध सङ्ग्रह २०५९), समुद्रपारि समुद्रवारि (नियात्रा सङ्ग्रह, २०६०), नबिर्सने दिनहरू (नियात्रा सङ्ग्रह, २०६२)

**तपाईलाई मन पर्ने चिज** : अध्ययन, भ्रमण र इमानदारिता ।

**मान्छेप्रतिको दृष्टिकोण** : मान्छेको स्वरुपमा अरु भएर बाँच्नेहरूप्रति दया र मान्छे भएरै बाँचिरन चाहनेप्रति सम्मान ।

**नयाँ नेपालको परिकल्पना** : नेपाल विश्वकै सुन्दर देश हो, मात्र शान्ति भइदिए हुन्थ्यो । हामी परिवर्तन नहुञ्जेलसम्म नेपाल नायँ हुन्छ न पुरानो नै ।





**ठेगाना :**
**झम्सिखेल, ललितपुर**
**मिति : २०६५ असार ३१ गते**
**सम्प्रति :**
**मधुपर्क, गोरखापत्र संस्थान**


# हार्दिक समवेदना



हाम्रा मित्र चलचित्र पत्रकार संघका अध्यक्ष **शान्तिप्रिय** का ममतामयी पुज्यनीय माता **श्रीमती रमादेवी उपाध्याय**को ७४ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस शोकाकूल र दु:खद घडीमा परिवारजनहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस भनी भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**नयाँ खबरकागज** साप्ताहिक
परिवार

नेपाली हुन पूर्व जन्मको कमाईले पुग्दैन
पुर्खाको पौरख, श्रम र आशिष मात्रले पुग्दैन
नेपाली हुन पवित्र आत्मा, नेपाली चाहिन्छ
पराया मुद्दु दौराको फेरले छोपेर पुग्दैन ।

-स्व.गोपाल योञ्जन (वरिष्ठ गीत एवं संगीतकार)

सम्पादक/प्रकाशक
ज्ञान उदास

व्यवस्थापक
प्रेमा उदास

कानूनी सल्लाहकार
गायत्रीप्रसाद घिमिरे

प्रमुख सल्लाहकार
ईश्वर पराजुली

कार्यकारी सम्पादक
सञ्जिव वाग्ले

संवाददाताहरू
भोजराज श्रेष्ठ 'एकलब्यराज' (पूर्वाञ्चल)

कम्प्युटर : सप्तकोशी कम्प्युटर सेवा, बागबजार, पीके क्याम्पस अगाडि
फोन : ४२४५१८५, ९८४१४८०१०४, ९८४९२५९२३५
पोष्ट बक्स नम्बर : २०४१३, मुद्रण : शर्मिला प्रिन्टर्स डल्लु, काठमाडौं, फोन : ४२७५६१६
कार्यालय : कामनपा–७, चाबहिल, बुलबुले मार्ग, फोन : ४४७१७७६
मोबाइल : ९८४१-२५१९३६, ईमेल : kc_dinesh2000@yahoo.com.
उपत्यका वितरक : यज्ञ न्यौपाने, भूगोलपार्क : ९८५१०-५८७३०

## सम्पादकीय

# अस्थिरता र अन्यौलको राज्य व्यवस्था

*मुलुक यताका चार वर्षदेखि निरन्तर अस्थिरता र अन्यौलको अवस्थाबाट गुज्रिरहेको छ । राजनीतिक, सामाजिक, आर्थिक कुनै पनि क्षेत्र स्वस्थ, सुचारू र सुरुचिपूर्ण छैन । सबैतिर लठीभद्र अन्यवस्थामात्र देखिन्छ । मुलुक अत्यन्त संक्रमणकालमा छ । सहमति, वार्ता, बैठक र अनेक खाले सम्झौताका काम-कुरा गरिए पनि ती केवल कुरामात्रै भएको र त्यसले कुनै अर्थप्रद परिणाम प्रदान गर्न सकेको छैन । दिनहुँ हत्या, अपहरण, आतंक, लूट, खसोट र घात प्रतिघातका दुष्प्रक्रिया हुँदै आएका छन् । तर सरकारको ध्यानदृष्टि यस्ता घातक गतिविधिप्रति जिम्मेवार ढंगले प्रस्तुत भएको छैन ।*

*जेठ १४ गते राति भएको सहमति नामको त्रीदलीय सम्झौताको म्याद एक महिना सिद्धिएको छ । तर सम्झौताका भाषा शब्दको विवादमा अल्झिनु र आ-आफ्नै ढंगमा छरपस्ट आरोप-प्रत्यारोप गर्नुबाहेक अरू केही भइरहेको छैन ।*

*मानो खाएर मुरी फलाउने असारको यो खेतीपातीको मौसममा किसानले मलबीउ पाएका छैनन्, ठोस राहत पाएका छैनन् र कुनै प्रकारको 'आर्थिक उत्साह' भेटाइरहेका छैनन् । राज्य व्यवस्थाको दृष्टिले पनि असार महिना राष्ट्रिय नीति, कार्यक्रम तथा लाभदायी बजेट आउनुपर्ने समय हो । तर त्यस्ता कुरामा पनि यतिखेर राष्ट्रिय उत्साह देखिँदैन ।*

*सबै मिलेर जाउँ, सबैलाई मिलाउँ र सबैको भलो गरौं भन्ने भावना शब्दमा भए पनि कर्म र व्यवहारमा त्यस्तो छैन । सत्ता, पद, ओहदा र कुर्सी र सुविधाकै लागि नेताहरुको तँछाड-मछाड छ । यस्तो अवस्थामा नेपाली जनता दिक्क, खिन्न र चिन्तामग्न छन् ।*

*बितेका चार वर्षमा तीनवटा सरकार आए । तर स्थायित्व, गतिशीलता र राज्य व्यवस्थाको कुनै स्पष्ट खाका आउन सकेन । सधैं अस्थिरता, सधैं अन्यौल र सधैं कचिंगल मात्र भइरह्यो । आफू आफू फुटेपछि र आफूले नै आफ्नो स्पष्ट नीति व्यवस्था गर्न नसकेपछि बाहिरी शक्तिले टाउको उठाउँछ, त्यही चलखेल अहिले चलिरहेछ । त्यसैले यस्तो तदर्थवाद, प्रभाववाद र अनर्थवादको अस्थिर अन्यौल अवस्थाबाट राष्ट्रलाई मुक्त गराउनु आवश्यक छ ।*

# राष्ट्रियताको कुरा नगरौं

**प्रसङ्ग**

**- राजन कार्की -**

लोकतन्त्र आएको पनि ४ वर्ष लागिसक्यो, दिल्लीले पियाएको पोलियोको थोपो नक्कली परेछ कि के हो, लोकतन्त्र टुकुटुकु हिड्नु पर्ने हो, पक्षाघात भएर हिड्न सक्दैन । भारतले अनुदानमा दिएको नूनमा आयोडिन मिसाएकै रहेनछ, लोकतन्त्र गलगाँडतन्त्र पो हुनपुगेको छ । कस्तो आपत ?

जनता भन्छन्- देशको भलो भएन, जनताले केही पाएनन् । एकातिर पक्षाघात, अर्कोतिर गलगाँड, कसरी लोकतन्त्रले देश र जनताको भलो गर्नसक्छ ? लोकतन्त्र त माझीको जालमा परेर छटपटाएको माछाजस्तै भयो । बिदेशी पिंजरामा परेको सुगा उडेन भन्नु र लोकतन्त्रले केही दिएन भन्नु उस्तै देखियो । किनकि हामी माछा र सुगाको नियतिमा छौं ।

नेपालका पच्चीस राजनीतिक दलहरू, यी सबैका पखेंटा छन्, घोषणापत्र पनि छन्, ठूला कुरा पनि गर्छन् तर पखेंटा भएर पनि पिंजरामा परेपछि कसरी उड्ने ? पहिले बिदेशी दबावका सामु मेरो केही लाग्दैन भनेर गिरिजाप्रसाद भन्थे, नैतिक पहाडले थिचिएर प्रचण्ड चेतबाबा काँशी भएर सत्ता परित्याग गर्नपुगे, माधव नेपालजस्ता हरूवाका हातमा लोकतन्त्र ।

मौका यही हो भनेर भारतले नेपाल आईएसआईको अखडा भएको आरोप चर्काउन थालेको छ । भारतले एयरपोर्टमा एयरमार्शलको चौकी खोजेको छ, नेपालको घाँटीमा लगाम कसेर चाबुक लगाउन सुपुर्दगी सन्धिमा हस्ताक्षर मागेको छ, अन्तर्राष्ट्रिय प्रचलन बिपरित तयार हुन बाँकी समस्यालाई थाँति राखेर तयार भएको सीमा नक्सामा छिटो ल्याप्चे हान भनिरहेको छ । बहुदलमा साझा मुद्रा, साझा सीमा, साझा नदी भनेर फलाक्ने नेताहरूले लोकतन्त्रमा नेपालको नागरिकतालाई भारतीयकरण गरे । नेपालीलाई मारेर विदेशीलाई पोस्ने पराधीन नीति संविधानसभाका सबै दलले स्वीकारिसके । नेपालमा बाढी पहिरो जानका लागि अब प्राकृतिक प्रकोप पर्खनै पर्दैन, नेपालका लागि सँधै राजनीतिक असार, साउन । किनभने जनसंख्याको उर्लदो भेल दक्षिणी सीमाबाट हरेक दिन उर्लेर पसेको छ । यसलाई रोक्ने ताकत समाजवादी, क्रान्तिकारी अथवा बहुदलीय जनबादी दलमा देखिन्न । आउँदो केही बर्षभित्रैमा नेपालमा फिजीको झैं थुप्रै महेन्द्र चौधरीहरू देखापर्ने छन् । त्यतिबेला आजका नेताहरूको हैसियत मटियामेट भइसकेको हुनेछ । आजका नेताहरूले आफूलाई हुतिहारा दर्जामा दर्ता गरिसकेका छन् ।

१९५० को सन्धि मरेको थियो, लोकतन्त्रसँगै ब्यूँतियो । नेपाललाई भारतीयकरण गर्नका लागि निर्णायक दल र सरकार नै लागेपछि कसले रोक्न सक्छ ? त्यसै पनि १९९०, १९९१ का सन्धिहरूमात्र होइनन्, महाकालीपछि पश्चिम सेतीले पनि नेपाललाई सेक्दै लगेको हो । स्वार्थमा चिप्लेटी खेल्दै मजा लिन पल्केको राजनीतिलाई खबरदार गर्नुपर्ने बुद्धिजीवीहरूको बुद्धि बिकेपछि अराजकता बढ्ने नै भयो । एउटा बुद्धिनारायण श्रेष्ठले घाँटी नै फुट्ने गरी चिच्याए पनि र फणिन्द्र नेपालले दूतावासको ढोकामा कालो झण्डा देखाए पनि, यो कुहिनोको पहरोसँग के जोड चल्थ्यो र ? सबै नेपाली एक भए पो नेपाली हितको संरक्षण हुन्छ ? कुनैबेला चाकरीलाई लक्षित गर्दै पूर्वप्रधानन्यायाधीश रत्नबहादुर बिष्ट



दौंतरीहरूलाई भन्ने गर्थे- 'आउ विद्वान भीखमङ्गाहरू' । वर्तमान नेपाल बिष्टको पनि बराजुजस्तो लाग्छ । सडकमा जनताले सुन्ने गरी नयाँ नेपाल बनाउने कुरा गर्नेहरूले निर्णायक तहमा किलोको टाउको हैकमवादको समर्थनमा हल्लाईदिने प्रवृत्तिले समस्याहरू संकट बन्दै गएका छन् ।

देशको लागि बोल्नु, देशका लागि केही गर्नु भनेको उल्टो बाटो हिड्नुजस्तो भइसकेको छ । हाम्रा नेताहरूले, बुद्धिजीवीहरूले नेपाली जाति भनेको पराधीन जन्तु हुन्, भेडाकै बथान हुन् भनेर प्रमाणित गरिसकेका छन् । 'झुक्दैन शिर मेरो' भन्ने कुरा अव गीतमामात्र सिमित हुन पुगेको छ । स्वाभिमान र स्वतन्त्रता नारा र कितावमा मात्र सुन्न र पढ्न पाइन्छ । नेपालको हितको कुरा गर्ने भारत बिरोधी र आईएसआईको एजेण्ट ठहरिन्छ । राष्ट्रबादलाई अन्धराष्ट्रबादी प्रतिगामी भनेर गाली गर्ने काम राष्ट्रिय र ठूला दल तथा ठूला नेताहरू नै गर्छन् । नेपालमा नेपाली संस्कार, नेपाली आत्मसम्मान र एकता हुनुपर्छ भन्ने राष्ट्रनिर्माता पृथ्वीनारायण शाह हामीले फालिसकेका छौं । कसरी भारतलाई खुशी पार्ने ? नयाँ नेपालको नयाँ राष्ट्रवादी नीति बन्न पुगेको छ ।

राष्ट्रियताका कुरा गर्ने, लेख्ने, चेतना फैलाउने र माटोको कुरा गर्नेहरू एक-एक गरेर पन्छाइँदैछन् । देशको स्वतन्त्रताको वकालत गर्नेहरू निसानामा परेका छन् । माफियाकरणले अराजकता र हिंसा निम्त्याउँछ, हिंसा बढिरहेको छ । बढ्दो भारतीयकरण नेपाली राष्ट्रियताका लागि मन्द विष हो, भारतीयकरण रोकिएन । राष्ट्रको आवाज उठाउनेहरू लाञ्छित र अपमानित हुनथालेका छन् ।

यो परिस्थिति भारतले पठाएर आएको होइन । यो परिस्थिति भारतलाई आफ्नो दोस्रो घर हो भन्ने कांग्रेसवाद, चीन र भारतबीच समदूरीको सम्बन्ध हुनसक्दैन, भारत धेरै नजिकको देश हो भन्ने मार्गमा हिंडेको एमालेवाद र १९५० को सन्धिलाई खारेज गर्ने कुरा गरेर पुनरावलोकन समेत गर्न नसक्ने माओवादसम्मले दिल्लीबाट बोकेर ल्याएका हुन् । कुरा ठूला गर्ने र ब्यवहारमा पराधीनता स्वीकार गर्ने आत्मसमर्पणवादी राजनीतिका कारण नेपाल विदेशीकरण हुनपुगेको हो । आश्चर्य त के पनि छ भने ठूला दलका कैयौं नेताहरू नाममात्रको स्वतन्त्र भएर बस्नुभन्दा भारतको अधीनमा बस्नु राम्रो हुन्थ्यो भन्न पछि पर्दैनन् । यो लहरमा कतिपय स्वनामधन्य विद्वानहरू पनि लहरबद्ध छन् ।

जुनसुकै प्रधानमन्त्री दिल्ली जान्छन्, मन्त्री र नेता दिल्ली पुग्छन्, सबै याचक बनेर याचना गर्छन् । आफ्नो ठाउँ र उभिएको धरातल सम्झन नसक्नेहरू कसरी नेपालबादी हुनसक्छन् र ? कुनै नेताले पनि नेपालको हक, हित र न्यायको कुरा गर्न सकेको इतिहास छैन । भारतले जे दिन्छ, हात थापेर ल्याउँछन् । यही हो मागेको पराधीनता ।

स्थिति यस्तो आइसक्यो कि देशको स्वतन्त्रता खोज्नु प्रतिगामी हुनु हो । भारतको 'प्रगतिशील' हैकम स्वीकार्नु अग्रगामी हुनु हो । यसैले नेपालीको भलाई होइन, भारतीयहरूको भलाई गर्ने नियम, कानुन, नीति, कार्यान्वयन हुन थालेका छन् । भर्खर निबर्तमान भएका गभर्नर बिजयनाथ भट्टराईले बिदाई समारोहमा भने- निर्णय गर्नासाथ चुहिने समस्या राष्ट्र बैंकमा छ । अर्थ र राज्यनीति, निर्णय नेपालीले धेरै दिनपछि थाहा पाउँछन् तर उच्च तहका कर्मचारी र मन्त्रीले नै सरकारको निर्णय सेलाउन नपाउँदै भारतलाई जाहेर गरिसकेका हुन्छन् । राजनीतिको उद्देश्य नै भारतको छाता ओढ्न लालायित छ । यो लालसाले वर्तमान र भविष्यको पुस्तामाथि राजनीतिकर्मी र बुद्धिजीवी बर्गले अक्षम्य अपराध गरेका छन् ।

वर्तमान पुस्ताले नेताका कारणले देश भारततन्त्रमा परिणत हुन थालेको यथार्थ बुझिसकेका छन् । उर्जाको अजस्रस्रोत युवाशक्ति पानीजस्तै बिदेशतिर बग्दैछ अथवा राजनीतिक नेतृत्वले दबाएर राखेको छ । बुझ्छन्, बिद्रोह गर्न सकेका छैनन् । भारतको अति संलग्नताका कारण भारतकाप्रति समाजभित्र घृणाभाव व्यापक रुपमा बढेर गएको छ । यो सत्य भारतलाई पनि थाहा छ । तर बृटिश शासनको पैतालामुनी दबिएर तालिम पाएको भारतीय नोकरशाह र षडयन्त्रमात्र गर्न जान्ने 'र'ले आफ्नो बिस्तारवादी र हैकमवादी नङ्ग्रा नेपालबाट झिक्ने पक्षमा छैन । भारत नेपालमा चीन र पाकिस्तानको प्रभाव चाहँदैन । यही चाहनाप्रेरित भारत नेताहरूलाई कमजोर पारेर नेपाललाई ऐंठन पीडा दिइरहेको छ ।

यहाँनेर भारतले बिर्सेको यथार्थ के हो भने नेपालीहरू सँधै हुतिहारा हुन्छन्, नामर्द हुन्छन् र नरपशु नै हुन्छन् भन्ने भारतीय सोच सरासर गलत सोच हो ।

क्रमश :

# नेपाल साठी वर्षदेखि संक्रमणकालको अवस्थामा छ

## रविन्द्र मिश्र, पत्रकार एवं प्रमुख बीबीसी नेपाली सेवा



**विविसी नेपाली सेवाका प्रमुख एवं पत्रकार रविन्द्र मिश्रसँग देशले हाल भोगिरहेको राजनीतिक अवस्था, यसले जनजीवनमाथि पारेको प्रभाव, राजनीतिक अस्थिरता, राजनेताहरुको राजनैतिक क्षमता, शान्ति स्थापना र संविधान लेखनजस्ता समसामयिक विषयमा नयाँ खबरकागजका तर्फबाट हरिप्रसाद दुलालले गर्नुभएको कुराकानीको प्रमुख अंश प्रस्तुत गरेका छौं- सं**

**० वर्तमान राजनीतिक अवस्थालाई कसरी नियालिरहनुभएको छ ?**

- नेपाली राजनीति मैले नियाल्ने र आमनेपालीले नियाल्ने एउटै नीति हो। खाली एउटा हेर्ने दृष्टिकोणमात्र फरक हो। जुन किसिमको समस्या हामीहरूले भोगिरहेका छौं, जुन किसिमको समस्या देशले भोगिरहेको छ, जुन किसिमको समस्या गाउँ-गाउँमा जनताले भोगिरहेका छन्, ती सबै एउटै हुन् तर आम मानिसको धारणा राजनीतिक रंगले रँगिएको छ। कसैले यसलाई हेर्ने दृष्टिकोणमात्र फरक हो।

**० देशको वर्तमान राजनीतिले नेपालीहरूको जनजीवनमा कस्तो प्रभाव पारेको छ, के देख्नुहुन्छ ?**

- राजनीतिलाई मूलनीति भनिन्छ। राजनीतिले देशको हरेक क्षेत्रलाई प्रभाव पारेको हुन्छ। हामीले यहाँ बोलिराखेका छौं, राजनीतिले प्रभाव पारेको छ। बाहिर गएर बजारमा साग किन्छौं, राजनीतिले प्रभाव पार्छ, सडकमा हिंड्छौं हामी, सडकको अवस्थालाई पनि राजनीतिले प्रभाव पार्छ। हामी कलेजमा, स्कूलमा, विश्वविद्यालयमा जान्छौं, त्यहाँ राजनीतिले प्रभाव पार्दछ, त्यसैले राजनीतिको महत्व ठूलो हुन्छ। तर दुर्भाग्य भन्नुपर्छ, म एउटा कुरा भन्ने गर्छु नेपाल ६० वर्षदेखि संक्रमणकालको अवस्थामा छ निरन्तर। धेरै देशले संक्रमणकाललाई छिटो पार गर्छ। २००७ सालदेखि जुन किमिसको अस्थिरता नेपालले व्यहोर्दै आयो, खाली यो सैद्धान्तिक परिवर्तनको क्रमचै नेपालमा कहिल्यै पनि रोकिएन। त्यसै भएर सबैभन्दा बिडम्बना नै त्यसैलाई भन्नुपर्छ, कहिले संघीयता, कहिले गणतन्त्र, कहिले राजतन्त्र, यस्तै सैद्धान्तिक बहसले नै हाम्रा धेरै वर्ष बिते। तर ती सिद्धान्त भनेको कुरा केही पनि होइन किन केही होइन भने तपाईं हेर्नुस् न अमेरिका र बेलायत भिन्दाभिन्दै एउटा सिद्धान्त भएका देशहरू हुन्। चीन र भारत भिन्दा-भिन्दै सिद्धान्त भएका देशहरू हुन्। दूरपूर्वको सिंगापुर मलेशिया भन्नुस् अथवा खाडी राष्ट्रहरू जहाँ राजतन्त्र छ। प्रजातन्त्र अझै पनि छैन। त्यसैले संवैधानिक व्यवस्था जे-जस्तो भए पनि राजनीतिक स्थिरता र नेताहरूमा एउटा दूरदृष्टि भयो भने देशले विकास गर्छ। तर हामीकहाँ राजनीतिक स्थिरता पनि भएन नेताहरूमा दूरदृष्टि पनि भएन, त्यसलाई विडम्बना भन्नुपर्छ।

**० तपाईले भनेझैं नेपालमा ६० वर्षसम्म पनि किन राजनीतिक अस्थिरता रहयो, के हाम्रा देशका नेता असक्षम भएकै हुन् ?**

- पञ्चायतपछि नेपालमा जुन किसिमको व्यवस्था शुरु भयो, त्यसमा एउटा आमधारणा के भयो भने राजनीतिमा जानुहुन्न है, राजनीति भन्या त्यो गन्हाउने ठाउँ हो भन्ने किमिसको सोच विकसित भयो। त्यही भएर राम्रा, पढेका गुनेका मानिसहरू जोसँग सोच थियो, ती मानिस अन्य पेशामा लागे। त्यही भएर पनि सक्षम व्यक्ति पाखा परे। त्यही भएर म भन्ने गर्छु युवा पुस्ता जो सक्षम छन्, इमान्दार छन्, जसमा शिक्षा छ, बुझेका छन्, त्यस्तो किसिमको जमात गएपछि राजनीतिमा सुधार आउला होइन भने हामीले जतिसुकै सैद्धान्तिक कुरा गरे पनि राजनीतिक चरित्र परिवर्तन भएका छैनन्, चरित्र परिवर्तन नभई व्यवस्थामात्र परिवर्तन भएर केही हुँदैन।

**बौद्धिक हुँदैमा त्यो मानिस इमान्दार हुन्छ भन्ने होइन, तर मान्छे पढेको-गुनेको, देखेको-सुनेको छ भने र उसमा अलिकति देश बनाउने प्रतिबद्धता छ भने सम्भवतः त्यो सम्मिश्रणले उसले राम्रो काम गर्न सक्छ । हामीकहाँ विभिन्न किसिमको समस्या देखिएको छ- भ्रष्टाचार हेर्नुस्, इमान्दारिताको अभावलाई हेर्नुस्, जुन किसिमको नातावाद, कृपावाद, जुन किमिसको सोच हामीमा छ, त्यसलाई हेर्दाखेरि राजनीतिमा सैद्धान्तिक परिवर्तनभन्दा पनि राजनीतिमा जनशक्ति महत्वपूर्ण हो जस्तो लाग्छ ।**

**० भनेपछि नेपालको राजनीतिक जटिलता बढिरहनुको पछाडि राजनेतामा बौद्धिकताको कमीले हो ?**

- बौद्धिक हुँदैमा त्यो मानिस इमान्दार हुन्छ भन्ने होइन, तर मान्छे पढेको-गुनेको, देखेको-सुनेको छ भने र उसमा अलिकति देश बनाउने प्रतिबद्धता छ भने सम्भवतः त्यो सम्मिश्रणले उसले राम्रो काम गर्न सक्छ। हामीकहाँ विभिन्न किसिमको समस्या देखिएको छ- भ्रष्टाचार हेर्नुस्, इमान्दारिताको अभावलाई हेर्नुस्, जुन किसिमको नातावाद, कृपावाद, जुन किमिसको सोच हामीमा छ, त्यसलाई हेर्दाखेरि राजनीतिमा सैद्धान्तिक परिवर्तनभन्दा पनि राजनीतिमा जनशक्ति महत्वपूर्ण हो जस्तो लाग्छ।

**० के लाग्छ तपाईलाई अबको एक वर्षमा नेपाली जनतालाई नेताले संविधान देलान् त ?**

- तपाईंको अनुमान जस्तो हुनसक्छ, मेरो अनुमान पनि त्यस्तै हुन सक्छ। भन्नुको मतलब अनुमान गर्ने आधार नै छैन। हुन पनि सक्छ, नहुन पनि सक्छ। यद्यपि के भन्नुपर्छ भने अन्तिम घडीमा गएर राजनीतिज्ञले समझदारी गर्नुपर्छ। त्यो चाहिँ कुन हदसम्म जाने भन्ने प्रश्न उठ्ने बेला भइसक्यो। यो वर्ष नेपालीले छुट दिए भनेर अर्को वर्ष पनि त्यसै गर्ने हो भने अब चाहिँ राजनीतिज्ञले छुट पाउने छैनन् जस्तो लाग्छ मलाई। त्यो क्षमा नपाउने परिस्थिति झन् जटिल हुनसक्छ।

**० तपाईंको विचारमा यो जटिलता अन्त्य गर्न के गर्नुपर्ला ?**

- हेर्नुस् यो धेरै भनियो, धेरै लेखियो, कसैले कसैलाई सुन्नेवाला छैन यहाँ। मलाई व्यक्तिगतरुपमा लागेको कुरा चाहिँ यदि देशै बनाउने हो भने यी सैद्धान्तिक विवादमा अल्झिएर हुनेवाला छैन, त्यसै भएर म कहिलेकाहिँ शीर्ष नेताहरूलाई भन्ने गर्छु, तपाईंहरू रातदिन जिन्दगीभरि बेलुका सुत्दा पनि बिहान उठ्दा पनि कसलाई ढाल्ने भन्ने मनस्थिति लिएर सुत्नुहुन्छ, बिहान उठ्नेबित्तिकै कुन चाहिँ प्रतिद्वन्द्वीलाई फाल्ने भन्ने त्यो योजनाचाहिँ फाल्नुपर्‍यो, जिन्दगीभर षड्यन्त्रै-षड्यन्त्र खेलाएर समय नबिताउँ, केही गरौं भन्ने सोच लिइदिनुहोस्। एकले अर्कोलाई गालीमात्र गरिरहने आम नेपालीले कसलाई गाली गर्ने नेताहरूले महसुस गरे हुन्थ्यो। केही हेरेर गरेर मर्ने इच्छा छ भने तपशीलका विषयमा अल्झेर भएन भन्ने मेरो सोच भनाई हो, तर कसले सुन्ने ?

**० अहिले कसिएको राजनीतिक गाँठो कसरी फुक्ला त ?**

- यस्तो विषयमा अल्झिराखेका छन् उनीहरू वर्षौं बितिसक्यो, यसैगरी किन नसोचेको विकास गर्नको लागि संविधानमा 'क'को ठाउँमा ख' लेख्दा विकास नहुने हैन, हामी खोक्रो राष्ट्रवादमा अल्झिएका छौं। तपाईं बेलायतको संविधान हेर्नुहोस्, जापानमा हेर्नुहोस्, हामी अनावश्यक विषयमा अल्झिएका छौं, त्यस्ता विषयमा नअल्झिए समस्या कति पनि जटिल छैन।

# म्याद थपिएपछि पनि  संविधान लेखनले गति लिएन

काठमाडौं / दुई वर्षको समय पूरा भएपछि पछिल्लोपटक एक वर्षका लागि संविधानसभाको म्याद थपिएको एक महिना पुरा हुँदासमेत दलहरूको आ-आफ्नै अडानका कारण संविधान लेखन कार्य सुरु हुन नसकेपछि थपिएको समयभित्र पनि संविधान नबन्ने हो कि भन्ने अन्योलता छाएको छ। गत जेठ १४ गते राति अबेर प्रमुख तीन दलका शीर्षनेताहरूबीचको सहमतिमा थपिएको एकवर्षे म्यादको एक महिना दलहरूले एकपक्षीय, द्विपक्षीय र त्रिपक्षीय छलफललाई अगाडि बढाएपनि त्यस्ता छलफल बिनानिष्कर्ष टुङ्गीनुले संविधान निर्माण कार्यमाथि फेरि आशङ्का उत्पन्न भएको छ। पछिल्लो पटक संविधान निर्माणका लागि म्याद थपिएपछि झण्डै २० पटक एकपक्षीय, द्विपक्षीय र त्रिपक्षीय छलफल हुँदासमेत संविधान लेखनको दिशामा प्रमुख दलका शीर्षनेताहरूले सहमति जुटाउन नसक्नु र आ-आफ्नै अडानमा रहनुले जनमतको खिल्ली उडाएको आभाष आमजनताले गरिरहेका छन्।

उता प्रधानमन्त्री माधवकुमार नेपालले आफू सधैं सहमति, एकता र सहकार्यको पक्षमै भएकोले सहमतिका आधारमा अघि बढ्नुपर्छ भन्नेमा प्रतिबद्ध रहेका कारण नै दलहरूका बीचमा हुने सहमतिलाई कार्यान्वयन गर्न तयार रहेको बारम्बार दोहोर्‍याउँदै आइरहनुभएको छ। उहाँले माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनःस्थापना गरी छिटोभन्दा छिटो शान्तिप्रक्रिया र संविधानलेखनलाई अघि बढाउन आफू सदैव तयार रहेको उल्लेख गर्दै प्रमुख तीन ठूला राजनीतिक दलहरू एकै ठाउँ बसेर चाँडो राजनीतिक गतिरोध अन्त्य गर्नेतर्फ केन्द्रित नहुने हो भने संविधान लेखन कार्यले तीव्रता नपाउने भनाइ राख्दै आउनुभएको छ। समायोजनको सङ्ख्या निर्क्यौल गरी एकीकृत नेकपा (माओवादी)द्वारा कब्जा गरिएका घरजग्गा र सम्पत्ति, राज्य पुनर्संरचना आयोगको स्वरुपलगायतका मुद्दाको सम्बोधन भएपछि मात्र राष्ट्रिय सहमतिको सरकारका लागि पहल गर्ने नेपाली कांग्रेस र नेकपा (एमाले)को अडानलाई माओवादीले अस्वीकार गर्दै आइरहेको छ।

संविधानसभाको म्याद एकवर्ष थपिएपछि साना दलहरूको संयुक्त बैठकले संविधानसभाको समयावधि थप गरिएको लामो समय बितिसक्दा पनि सत्ताका कारण संविधान लेखन प्रक्रिया अवरुद्ध भएको भन्दै आपत्ति जनाइरहेका छन्। संविधानसभामा भएका मुख्य तीन दल एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेबीच भएको जुँगाको लडाइका कारण देश अनिर्णयको बन्दी बनेको ठहर गरिरहेका साना दलहरूले ठूला दलहरूको वर्तमान क्रियाकलाप गलत भएको ठहर गरेका छन्।

उनीहरूले मुख्य दलभित्र भएको आन्तरिक र अन्तर दलीय कलह रहेकाले राजनीतिक गतिरोध कायम रहेको र शान्ति प्रक्रिया, संविधान निर्माणजस्ता कार्यले गति लिन नसकेकोले मुख्य दलहरू त्यसतर्फ अगाडि नबढेमा जनताकासामु जाने बताइरहेका छन्.एमाओवादीले प्रधानमन्त्रीको राजीनामापछि मात्रै थाँती रहेका सबै मुद्दालाई प्याकेजमा सहमति जुटाउने भनिरहेको समयमा बोलाएको एमाओवादीको पोलिटब्यूरो बैठकले आफ्नो माग सम्बोधन नभए सडक आन्दोलनमा जाने निर्णय गर्नुले संविधान लेखन कार्यले अझै गति लिन नसक्ने अवस्था सिर्जना भइरहेको छ। संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको पहलमा आजमात्रै बसेको तीन दलको बैठकसमेत बिनानिष्कर्ष टुङ्गिएको छ।

# ७४ प्रजातिका चार भेटिए

*श्रवण देउवा*

कैलाली / कैलालीको मोहना करिडोर क्षेत्रमा ७४ प्रजातिका चरा देखिएका छन् । दक्षिणमा भारतको दुधवा नेशनल पार्क र उत्तरमा महाभारत श्रृंखलाको चुरेसँग सीमाना जोडिएको मोहना करिडोरमा गरिएको अध्ययन तथा सर्वेक्षणले ७४ प्रजातिका चरा देखिएको हो ।

सर्वेक्षणमा सो क्षेत्रमा केही लोपोन्मुख प्रजातिका चरा देखिएका छन् । अघिल्लो वर्षको तुलनामा यस वर्ष सो क्षेत्रमा थप नौ प्रजातिका चरा देखिएका छन् । अघिल्लो वर्ष सो क्षेत्रमा ६५ प्रजातिका चरा थिए । चराविद् करन शाह र डिआर चौधरीले दुई साताअघि गरेको अध्ययन तथा सर्वेक्षणमा मोहना क्षेत्रमा ७४ प्रजातिका चरा भेटिएको सामुदायिक वन समन्वय समिति, मोहना कैलालीका अध्यक्ष राजबहादुर ऐरले बताए ।





अध्यक्ष ऐरले गत वर्ष देखिएका चराका केही प्रजाति यस वर्ष नदेखिएकोसमेत जानकारी दिए । गत वर्ष पनि जेठमा चराको अध्ययन गरिएको थियो । अध्यक्ष ऐरले यस वर्ष तीन दिनसम्म चराको अध्ययन गरिएको बताए । समुदायमा हस्तान्तरित वन क्षेत्र बढी संरक्षण भएका कराण चराको बासस्थान बढेको इलाका वन कार्यालय गेटाका वन अधिकृत अम्बिकाप्रसाद पौडेलको भनाइ छ । उनले मोहना जैविकमार्गका लागि उपयुक्त भएकाले मोहना करिडोर क्षेत्रमा रहेका वन्यजन्तुका विषयमा पनि अध्ययन तथा सर्वेक्षण हुनु जरुरी रहेको बताए । पौडेलका अनुसार मोहना क्षेत्रमा घाँसेमैदान तथा झाडीको संख्यामा वृद्धि आएकाले पनि चराको संख्या बढेको हो ।

मोहना क्षेत्रमा सामुदायिक वनमा उपभोक्ताले पनि थुप्रै नयाँ प्रजातिका चरा देखिएको बताएका छन् । श्रीलंका सामुदायिक वन उपभोक्ता समिति गेटा-७ मोहनपुरकी पूर्वअध्यक्ष मञ्जु भट्ट भन्छिन्- हामीले कहिल्यै नदेखेका चरा देखेका छौं । कुन प्रजातिका हुन् भन्ने चाहिँ थाहा छैन ।

चराचुरुङ्गी तथा वन्यजन्तुको आवत-जावत भइरहने हुनाले दक्षिणमा भारतको दुधवा नेशनल पार्क र उत्तरमा महाभारत श्रृंखलाको चुरेसँग सीमाना जोडिएको मोहना करिडोर क्षेत्रलाई जैविकमार्गका रुपमा विकास गर्नका लागि पहल भइरहेको आदर्श सामुदायिक वन उपभोक्ता समिति धनपा-३ बडहराकी सचिव प्रतीक्षा रिजाल गुरुङले बताइन् ।

सामुदायिक वन समन्वय समिति मोहनाका अध्यक्ष ऐरका अनुसार सो क्षेत्रमा २० सामुदायिक वन र चार प्रस्तावित वन रहेकाछन् । ९१३ दशमलव ५२ हेक्टर क्षेत्रफलमा फैलिएको मोहना क्षेत्रमा २८१ दशमलव ६ हेक्टर मात्रै प्राकृतिक वन रहेको र ६३२ दशमलव ४६ हेक्टर वन वृक्षारोपण तथा पुनरुत्पादनबाट उपभोक्ताले हुर्काएको अध्यक्ष ऐरले जानकारी दिए । मोहना क्षेत्रका २० सामुदायिक वन र चार प्रस्तावित वनका चार हजार एक सय २४ घरधुरी उपभोक्ता रहेको सामुदायिक वन समन्वय समिति मोहना कैलालीले जनाएको छ ।

# प्रेरक व्यक्तित्व निकोलस कोपरनिकस

'पृथ्वी केन्द्रीत सिद्धान्त' लाई गलत सावित गरेर 'सूर्य केन्द्रित सिद्धान्त' पत्ता लगाउने महान खगोलविद् हुन्, निकोलस कापरनिकस ।

निकोलस कोपरनिकसको जन्म सन् १४७३ मा पोल्याण्डमा भएको थियो । उनले प्राथमिक शिक्षादीक्षा त्यहीँको स्थानीय स्कूलमा प्राप्त गरेका थिए । बाल्यावस्थामै उनको झुकाव गणीत विषयमा थियो । उनले गणीतका जटिल हिसाबहरू पनि सजिलै गर्दथे । प्राथमिक शिक्षा पूरा गरेपछि पोल्याण्डको क्राकाउ विश्वविद्यालयबाट उनले उच्च शिक्षा हासिल गरे ।

कोपरनिकले 'सूर्य केन्द्रित सिद्धान्त' पत्ता लगाउनुभन्दा पहिला 'पृथ्वी केन्द्रित सिद्धान्त' व्याप्त थियो । यस सिद्धान्त अनुसार यस ब्रम्हाण्डको केन्द्र नै पृथ्वी हो र सूर्यलगायतका अन्य सबै ग्रहहरूले पृथ्वीलाई परिक्रम गर्दछन भन्ने मान्यता प्रचलित थियो ।

अरस्तुले आजभन्दा दुई हजार तीन सय वर्ष अगाडि ईसापूर्व ३४० मा प्रकाशित उनको पुस्तक 'अन द हेभन्स' मा उक्त कुरा उल्लेख गरेका थिए । उक्त सिद्धान्तलाई अलेक्जेन्ड्रियाका दार्शनिक तथा गणितिज्ञ क्लाउडियस टोलेमीले पनि समर्थन गरेका थिए । तर सन् १५१४ मा आएर निकोलसले यस सिद्धान्तलाई चुनौती दिँदै 'सूर्य



केन्द्रीत सिद्धान्त' प्रस्तुत गरे । उनले आफ्नो सिद्धान्तमा सूर्य केन्द्रमा छ र पृथ्वीलगायत अन्य ग्रहहरूले सूर्यलाई परिक्रम गर्दछन् भन्ने कुरा उल्लेख गरे । पछि आएर जर्मन गणितिज्ञ जोहानेस केप्लरले हिसाब गरी सूर्यलाई केन्द्र बनाएर ग्रहहरू वृत्ताकार बाटोमा सूर्यको वरिपरी घुम्दछन् भन्ने कुरा प्रस्तुत गरे । इटालियन वैज्ञानिक ग्यालिलियो ग्यालिलीले पनि कोपरनिकसको सिद्धान्तलाई समर्थन गर्दै अझ व्यापक तुल्याए ।

महान वैज्ञानिक तथा गणितिज्ञ निकोलस कोपरनिकसले आजभन्दा चार सय अन्ठाउन्न वर्ष अगाडि सन् १५४२ मा उनन्सत्तरी वर्षको उमेरमा यस धर्तीबाट सदाको निम्ति आँखा चिम्लिए ।

*सरोज श्रेष्ठ*

## बिरालोको करामत



सामान्यत: बिरालो कुकुरको स्वरमात्रै सुने पनि ऊभन्दा दस कोष पर भागिहाल्छ । तर अमेरिकाको टेक्सासमा भने एउटा अचम्मकै घटना भएको छ । त्यहाँ बस्ने एक महिलालाई आफूले पालेको बिरालोले कुकुरको आक्रमणबाट बचाएको छ ।

३९ वर्षीया चेरी उड्सलाई दुईवटा ठूलठूला कुकुरले आक्रमण गर्दा सँगै रहेका उनका श्रीमान् पनि अलमल्लमा परेका थिए । तर, त्यत्तिकैमा उनले पालेको बिरालो 'लिमा' बीचमा आएर ती कुकुरलाई झम्टियो । जब बिरालोले ती कुकुरलाई झम्टन थाल्यो, दुवै कुकुरको ध्यान त्यही बिरालोपट्टि गयो । त्यसपछि चेरीका श्रीमान्ले उनलाई तानेर सुरक्षित ठाउँमा ल्याए । आफूलाई बिरालोले बचाएकोमा चेरी निकै खुसी भइन् । त्यसअघि आफ्नो बिरालो यति बहादुर छ भन्ने थाहा नभएको पनि उनले बताइन् ।

## बाल कविता

### बुद्धको ज्ञान

*– निश्चल मैनाली*



बुद्ध तिमीले विश्वमा शान्ति फैलायौ ।
नेपाललाई विश्वमा महान बनायौ ।
शान्तिदूत बनी तिमीले अवतार लियौ
संसारको दु:ख पीडा तिमीले मेटायौ ॥

सबैलाई सत्य बोल्न भनी ज्ञान दियौ
राम्रो काम गर्नु मानव धर्म भनी सिकायौ
सच्चा कमाई अमृत हुन्छ तिमीले भन्यौ
सही विश्वास सर्वोत्तम, यो ज्ञान फैलायौ ॥

राम्रो विचार राखे जीवनमा सफलता मिल्छ
राम्रो कुरा सिके-सिकाए विश्वमा शान्ति हुन्छ ।
जीवनको रहस्य बुझ्नलाई ध्यान गर्नुपर्छ
तिम्रा यस्ता ज्ञान आज सबैले बुझ्नुपर्छ ॥

कहिल्यै गर्नुहुन्न हानी हामीले अरुलाई
हिंसा गर्नुहुन्न ईश्वरको कुनै सृष्टिलाई ।
माया गर्नु सबैलाई, क्षमा गर्नु गल्तिलाई
बस्नु सधैं अनुशासनमा, सरल पार्नु जीवनलाई ॥

*कक्षा ८*
*जगत मन्दिर उमावि, चावहिल*

## एकछिन हाँसौं

### मुख खोल

**डाक्टर :** आफ्नो मुख अलि खोल्नुस् त..... अलिकति अरु... अलि अरु ...
**बिरामी :** कति खोल्नु डाक्टरसाब ? मैरै मुखमा बसेर उपचार गर्ने विचार छ कि क्या हो ?

•••

### कमिलाको पछिपछि

**राम :** हरि, तिमी किन कमिलाको पछि लागेको ?
**हरि :** आमाले मिठाई कहाँ लुकाएर राख्नुभएको छ भनेर पत्ता लगाउन ।

•••

### कलरटिभी

**नेहा :** के यहाँ कलर टिभी छ ?
**पसले :** छ ।
**नेहा :** एउटा 'हरियो' टिभी दिनुस् त ।

*मेघा शाह, कक्षा : ८*
*ब्राइटल्याण्ड इ.से.बो. स्कूल*

## पत्याउँ वा नपत्याउँ

### १८ वर्ष जङ्गलमा बिताएकी किशोरी फेरि जंगलमै फिर्ता



न्होम्पेन्ह । जंगलमा १८ वर्ष बिताएकी कम्बोडियाकी एक युवती समाजमा समायोजन हुन नसकेपछि फेरि जंगल फर्केकी छन् । जंगली युवती रोचोम पिंगेग हाल २९ वर्षकी रहेको विश्वास गरिएको छ ।

उनी बाल्यकालमै सन् १९८९ मा जंगलमा हराएकी थिइन् । त्यसपछि उनी जंगलमै बस्दै आएकी थिइन् । उनलाई सन् २००७ मा जंगलबाट बस्तीमा ल्याइएको थियो । उनलाई समाजमा ल्याइएपछि भाषा सिकाउने प्रयास गरियो । यो नै उनका लागि सबैभन्दा कष्टको विषय बन्यो । उनी हिंड्नबाट घस्रन चाहन्छिन् । त्यसैगरी उनलाई समाजमा बस्दा कपडा लगाउनुपर्ने अर्को बाध्यता आइलाग्यो । यो उनका लागि जंगलतिर भाग्नुपर्ने अर्को बाध्यता बन्यो । उनका बाबु प्रहरी सेवामा छन् ।

उनले छोरीले सामान्य सामाजिक व्यवहार सिक्दै आएको बताए पनि मंगलबार छोरी हराएपछि जंगल नै फर्किएको आशंका गरिएको हो । उनी मानवीय भाषा बोल्न सक्दिनन् । रोचोम र उनकी बहिनी भैंसी चराउने क्रममा सन् १९८९ मा हराएका थिए । रोचोम सन् २००७ मा भेटिए पनि उनकी बहिनी भने आजसम्म भेटिएकी छैनन् । उनी एक किसानको खाना चोर्दै गरेका बेला सन् २००७ को फेब्रुअरीमा पक्राउ परेकी हुन् ।- एजेन्सी

# ls;fg / af3

धेरै-धेरै समयअघि एउटा बाघ थियो । ऊ जंगलको राजा मानिन्थ्यो । काला रौं, आगोको ज्वालाजस्तै चम्किने आँखा र चक्कुजस्ता तीखा दाँत भएको त्यो बाघले जंगलभरि नै त्रसित बनाएको थियो । ऊ जंगलका अरु जनावरहरूलाई मार्थ्यो र खान्थ्यो ।

एकदिनको कुरा हो । बिहानको खानेकुरामा उसले एउटा सिंगै मृगलाई खायो र लसक-लसक गर्दै हिँड्यो । जब जंगलमा अरु जनावरहरू उसलाई देखेर भाग्थे । ऊ आफू दंग परेर गहिरो सन्तोषको सास लिन्थ्यो । त्यसैबेला जब उसले एउटा कुनै कुरा देख्यो, उसले त्यो के हो बुझ्नै सकेन । कुरा के थियो भने एउटा पहाडको तल फेदीमा एउटा भैंसीले शान्त र दृढ भएर खेत जोतिरहेको थियो । अनि त्यसको पछाडि एक किसान उसलाई गाली गर्दै र बाँसको लट्ठीले त्यस भैंसीलाई पिट्दै पनि थियो ।

बाघ त अचम्म मान्यो । त्यसकारणले कि उसको राज्यमा आजसम्म कसैले त्यस्तो गरेको देखेकै थिएन । त्यसैले पर्खी-पर्खी यस दृश्यलाई किसान र भैंसी रोकिएर आराम नगरुन्जेलसम्म हेरि नै रह्यो । जब उनीहरू आरामको लागि केही छिन अडिए, बाघले भैंसी नजिक आएर सोध्यो, 'ए साथी ! भन त, एउटा त्यति सानो मानिसले तिमीलाई गाली गर्दै र कुट्तै गरेमा तिमीले उसलाई किन सहिरह्यौ हँ ? म देख्दैछु, तिमी त्यो मानिसभन्दा ठूला र बलिया पनि छौ । तिम्रा चक्कुजस्ता तीखा ती सिङले उसलाई छेडेर कुनै बेला पनि मारिदिन सक्छौ । मैले बुझ्न सकिन, तिमी कित यति विनम्र छौ ?'

बाघका यस्ता कुरामा भैंसीले उसलाई हेर्दै दिक्दारीसाथ भन्यो,



**भियतनामी लोककथा** - गुएन जुवान थाङ्ग

'हो, यो मानिस पक्कै मभन्दा सानो छ तर तिमीले ऊ म भन्दा कति बुद्धिमान छ भन्ने कुरा थाहा छैन ।'

'बुद्धिमान् रे ।' बाघले आश्चर्य प्रकट गर्दै सोध्यो, 'के हो त्यो बुद्धि भन्ने कुरा ?' भैंसी बाघदेखि केही रिसायो र मनमनै भन्यो, 'जसलाई 'बुद्धि' के हो भन्ने कुरा नै थाहा छैन, के सोध्नु यस्ताले ?' तैपनि उसले यो कुरा मुखमा ल्याएर भन्यो, 'बरु बेस त तिमीले त्यही मानिससँग गएर सोध 'बुद्धि' के हो भन्ने कुरा, हुँदैन र ?'



बाघ त्यो किसान छेऊ पुग्यो । त्यसबखत किसान तमाखु खाइरहेको थियो । बाघले भन्यो, 'भैंसीले भन्यो कि तपाईंसँग बुद्धि छ, के यो साँचो हो ?'

'हो, साँचो हो' किसानले भन्यो । फेरि बाघले सोध्यो, 'यो 'बुद्धि' भनेको कस्तो हुन्छ ? कृपया तपाईं मलाई देखाइदिन सक्नुहुन्छ ?'

'ओहो ! इच्छा त छ तिमीलाई देखाइदिऊँ भन्ने तर के गर्नु ! बिहानमात्र मैले 'बुद्धि'लाई घरमा छाडेर आएँ, खेतमा हराउला भन्ने डर लाग्यो ।'

'घर गएर त्यसलाई ल्याउन सक्नुहुन्छ ? म साँच्चिकै 'बुद्धि'लाई हेर्नु चाहन्छु ।'

'किन नसक्नु,' किसानले भन्यो र केही पाइला अघि बढ्यो । त्यसपछि अकस्मात नै फेरि अडियो र फर्केर आयो । भन्यो उसले 'ओहो, म त अहिले जान सक्दिनँ ल । म नभएको मौका पारी तिमीले मेरो भैंसी खाइदियौ भने के गर्नु नि ?'

'धरोधर्म खान्नँ, बाघले सुनायो, 'मैले बिहान मृग खाएकाले अझैसम्म पेट टन्न छ । त्यसकारण तपाईंले चिन्ता लिनै पर्दैन ।'

त्यसपछि त्यस किसानले फेरि केही बेर सोच्यो र भन्यो, 'ल ठीक छ, त्यसो भए म जान्छु । तर एउटा कुरा, म तिमीलाई ऊ त्यो रुखमा बाँध्छु ता कि तिमीले मेरो भैंसी खाँदैनौ भनेर म निश्चिन्त हुन सकुँ ।'

बाघलाई कहिले 'बुद्धि' देखुँला भनेर उत्सुकता लागिरहेको थियो । त्यसैले उसले किसानको कुरामा मञ्जुर गऱ्यो । किसानले पनि बाघलाई हत्तपत्त रुखमा बेस्सरी बाँधिदियो र उसको वरिपरि सुकेका दाउरा र पात पतिङ्गर राखिदिएर सलाई कोरी आगो लगाइदियो । अनि भन्यो, 'देख्यो ?' मेरो 'बुद्धि' यही हो ।

आगोको ज्वाला माथि-माथिसम्म उठ्यो र असाध्यै पोल्ने हुँदा पनि बाघ हलचल गर्न सकेन । त्यसपछि उसलाई असह्य पीडा भयो र कुनै सहाराविना छटपटाइरह्यो । उता भैंसी हाँसेको हाँसै भयो र बाघ ढुंगामा पछारिएर माथिल्लो बंगारा नै भाँचियो । जब आगोले बाघलाई बाँधेको डोरी बलेर चुँडियो, बाघ आगोबाट मुक्त भयो । त्यसपछि त के थियो र ! ऊ पीडाले गर्जिदै जंगलतिर भाग्यो ।

त्यस समयदेखि बाघ जातका जनावरहरू जन्मिँदा नै काला र खैरा रौं भएका हुन्छन् । यो किसानद्वारा बाघलाई आगोमा डढाएका कारणले नै हो भने अर्कोतिर भैंसी जातका जनावरहरूको माथिल्लापट्टिका दाँतहरू हुँदै हुँदैनन् ।

*– अनु विश्वम्भर 'चञ्चल'*

# मैले कोरेको चित्र



करण श्रेष्ठ, कक्षा-६, महानसिद्धार्थ बोर्डिङ स्कूल, कुमारीगाल



सुजन तामाङ, कक्षा-६, महानसिद्धार्थ बोर्डिङ स्कूल, कुमारीगाल

## कसको बच्चालाई के भनिन्छ

उँटको : उल्लु
खरायोको : पाठो, पाठी
गैंडाको : कोटो, केटी
बाख्राको : पाठो, पाठी
विरालोको : छाउरो, छाउरी
भेडाको : पाठो, पाठी
सुँगुरको : पाठो, पाठी
चराको : बच्चो, बचेरी
हाँसको : टिउरो, ट्युरी
मानिसको : छोरा, छोरी
बाघको : डमरू
गाईको : बाछो, बाछी
घोडाको : बछेडो
भालुको : गठु, गद्दु
भैंसीको : पाडा, पाडी
हात्तीको : छावा
कुखुराको : चल्ला

## नेपाली उखान र यसको अर्थ जानि राखौं

- **आफूले खनेको खाल्डोमा आफैं परिन्छ** : अरुको कुभलो चिताएर गरेको कामले आफैंलाई खराब गर्छ ।
- **नांगा चाचे हजार दाउ** : इज्जत नै नभए मानिसको केही मूल्य हुँदैन ।
- **नभए एक शोक, भए सय शोक** : नहुने बेलामा भन्दा हुँदाखेरि धेरै झन्झट आइलाग्छ ।
- **भोक न भकारी शोक न सुर्ता** : केही पनि फिक्री नभएको वा मगनमस्ती छाँट ।
- **वल्लो घाट न पल्लो तिर** : कतै पनि नहुनु यता न उता हुनु ।
- **हीराको मोल कीराले जान्दैन** : मालको गुण नचिल्नले त्यसको पारख गर्न सक्दैन ।

# आक्रमणबाट जोगाउन नयाँ कानुनको प्रस्ताव

**जोनि इब्राहिम**

कराँची, पाकिस्तान / आफ्नै प्रेमीको एसिड आक्रमणबाट पीडित बनेकी बीस वर्षीया नैला 'रहात त्यस दुःखदायी घटनाको झण्डै सात वर्षपछि महिलामाथि हुने त्यस्ता हिंसात्मक आक्रमणबाट उनीहरूलाई जोगाउन वर्तमान कानुनमा संशोधन गर्नुपर्ने मागलाई जोडतोडले उठाउँदैछिन्। 'रहात नै एउटी त्यस्ती महिला हुन् जसको घाउभित्र पीडाको आगो यथावत छ र एसिड छर्कने व्यक्तिलाई सजाय नदिँदासम्म उनी चुप लागेर बस्न नसक्ने मनस्थितिमा छिन्।

"म पनि उसलाई एसिडमा डुबाएको हेर्न चाहन्छु ताकि उसले पनि अतिशय दुःखको अनुभव गर्न पाउनेछ र जीवनभर कुरूप भएर बाँच्नु पर्नेछ," पञ्जाव प्रान्तको दक्षिणस्थित लायामा बस्दै आएकी उनले आ'माथि आक्रमण गर्ने व्यक्तिका सम्बन्धमा भनिन्।

महिला विकाससम्बन्धी प्रधानमन्त्रीका सल्लाहकार एवम् सांसद यासमिन रहमानले महिला विकास मन्त्रालयले एसिड आक्रमणसम्बन्धी कानुनको मस्यौदा गर्न थप अनुसन्धान गरिरहेको आईपीएसलाई बताइन्। "मन्त्रालयले एसिड सर्भाइभर 'ाउन्डेसन (एएसए') र महिला विकास सम्बन्धी राष्ट्रसङ्घीय विकास नियोगबाट सहयोग माग गरेको छ," उनले भनिन्।

एएसए'ले हाल बेलायत र अमेरिकास्थित कोरनेल ल स्कुलबाट सहयोग प्राप्त गरिरहेको छ, 'ाउन्डेसनमा कार्यरत वकिल साना मसूदले बताइन्। यस संस्थाले एसिड पीडितका निम्ति औषधि, मनोसामाजिक, सामाजिक-आर्थिक र कानुनी सहायता प्रदान गर्दछ। "हामीले अर्को विधेयक तयार गर्न महिला विकास मन्त्रालयका निम्ति विस्तृत अनुसन्धानका कार्यहरू गरिरहेका छौं," उनले खुलासा गरिन्। "साँच्चै भन्ने हो भने हामी जुलाईको संसद बैठकमा यो विधेयक पेस गर्न सक्षम हुनेछौं।"

'रहातले आ'ना पीडकहरू एकजना दर्जी र उसलाई सघाउने विज्ञान शिक्षकमाथि मुद्दा दायर गरेको छ वर्षपछि नोभेम्बर २००९ मा पाकिस्तानका प्रधानन्यायाधीश इ'तिखार मोहम्मद चौधरीले औद्योगिक प्रयोजनको एसिडको बिक्रीमा प्रतिबन्ध लगाउन र एसिड आक्रमण गर्ने विरुद्ध सजाय बढाउन नयाँ कानुन पारित गर्न आग्रह गरेका थिए।

तल्लो अदालतले 'रहातका अपराधीमाथि १२ वर्षको जेल सजाय दिने र १२ लाख ५० हजार पाकिस्तानी मुद्रा (करिब १४,७७५ अमेरिकी डलर) क्षतिपूर्ति भराउने गरी भएको 'ैसलालाई सदर समेत गरेको थियो। चौधरीले 'रहातको स्वास्थ्योपचार र शैक्षिक जरुरतका निम्ति आवश्यक व्यवस्था गर्न सरकारलाई आदेश समेत दिएका थिए। 'रहातले उनीमाथि आक्रमण गर्नेमध्येका एकजनालाई तल्लो अदालतले गतवर्षको अन्त्यमा मुक्त गर्ने फैसला गरेको विरोधमा सर्वोच्च अदालतमा मुद्दा दायर गर्ने निर्णय समेत गरेकी छन्। अदालतले अपराधीको जेल सजायलाई चारवर्षमा झार्नुका साथै जरिवानालाई पनि ११०,००० पाकिस्तानी रूपैयाँ बनाएको थियो। "शिक्षकले न्यायाधीशलाई घुस खुवाए र त्यही दिन उनी छुटे," उनले भनिन्।

सर्वोच्च अदालतको आदेशपछि तीनजना महिला सांसदले हतारमा मस्यौदा गरिएको विधेयक दर्ता गरेका थिए। मसूदले भनेझैं यस विधेयकले महिला विरुद्धका हिंसालाई रोक्न वर्तमान कानुनमा संशोधन गर्ने प्रयत्न गरेको छ। "संसदको प्राथमिकतामा यो विषय नपरेकै कारण यसलाई छल'लमा समेत ल्याइएको छैन," विधेयक लेखनकी एकजना मुख्य व्यक्तित्व मार्भी मेनमोनले भनिन्।

विधेयकमा गरिएको वर्तमान व्यवस्था पर्याप्त नभएको मसूद बताउँछिन् किनभने यो विभेदकारी रहेको र यसले महिला एवम् बालबालिकालाई मात्र समेटेको देखिन्छ। अध्ययनले पीडितहरूमध्ये झण्डै ३९ प्रतिशत पुरुषहरू पनि रहेको देखाएको छ। पुरुषहरू पनि एसिड आक्रमणको जोखिममा छन्, उनले भनिन्। उनीहरू सम्पत्तिको विवाद, आर्थिक समस्या र पेसागत आक्रोसका कारण एसिड आक्रमणको समस्यामा उल्झने गरेका छन्।

यसबाहेक, एसिडको व्यापारलाई नियमन र अनुगमन गर्नेत' कानुन कार्यान्वयन निकाय वा संयन्त्रको भूमिकाका सम्बन्धमा समेत विधेयकले स्पष्टरूपमा परिभाषित गरेको छैन, मसूदले बताइन्। अर्कोत' केही महिला विधायकले एसिड 'ल्नेजस्तो हिंसात्मक आक्रमणबाट महिलालाई जोगाउन नयाँ कानुनको जरुरी नभएको बताएका छन्। "मेरो विचारमा हामी पहिल्यैदेखि कानुनी जालोमा उनिएका छौं," सांसद नी'सा शाहले भनिन्। "कानुन त पहिल्यैदेखि छन्। जरुरी भनेकै भएका कानुनको कडाइका साथ कार्यान्वयन गर्नु हो।"

रहमानले भनिन्, "महिला विरुद्धका कार्यहरू बढ्दै गएका कारण विशेष कानुनहरूको भने जरुरी छ।" फ्रान्सेली समाचार संस्था (एए'पी) लाई दिएको अन्तर्वार्तामा एएसए'की मसूदले सन् २००९ मा एसिड आक्रमणका ४८ वटा घटना दर्ता भएको जानकारी दिएकी छन्। सन् २००७ को तुलनामा यो संख्या ३० ले बढी हो। घरेलु हिंसाका पीडितलाई सहायता प्रदान गरिरहेको इस्लामाबादस्थित प्रगतिशील महिला सङ्घकी अध्यक्ष शाहनाज बुखारीले सन् १९९४ यता एसिड आक्रमणमा परेका ८,८८६ जनालाई सहायता प्रदान गरेको बताइन्। एसिड आक्रमणका घटना दक्षिण पञ्जाबमा खासगरी बढी मात्रामा हुने गरेको पाइएको छ। यो पाकिस्तानको दोस्रो ठूलो प्रान्त हो।

एसिडको कारोबारका सम्बन्धमा नियमन र अनुगमन संयन्त्रको अभाव, न्यून मूल्य, सामाजिक-आर्थिक अवस्था कमजोरजस्ता कारणले यी अपराध भइरहेको अध्ययनले देखाएका छन्। एक बोटल सल्'रिक एसिडलाई २० पाकिस्तानी रूपैयाँ (करिब २३ अमेरिकी सेन्ट) मात्र पर्दछ, बुखारीले भनिन्। "कपडा उद्योग र कपासको बीउ स'ा गर्न एसिडको प्रयोग हुने गर्दछ," खानले भनिन्। उनको संस्थाले सन् २००६ देखि पञ्जाबका एसिड पीडित करिब ३०० जनालाई औषधि उपचार, मनोसामाजिक, सामाजिक आर्थिक र कानुनी सहायता प्रदान गरेको छ। 'रहात न्यायका निम्ति सङ्घर्षरत रहे पनि कतिपय पीडितले अपराधीमाथि कारबाही गर्न डराएको पाइएको छ। करिब चालीस वर्षकी नईमा बेगममाथि उनका पतिले एसिड 'ाले र सन् २००४ मा पारपाचुके पनि गरे। उनी भन्छिन्, "म उसलाई अदालतमा उभ्याउन चाहन्न किनभने उसले त्यसो गरेको बदलामा मेरा बच्चाहरू लैजाने डर छ।"

"अधिकाँशलाई चुपचाप रहन धम्की दिइएको छ," बुखारीले भनिन्। उनीहरूको दाग सतही मात्र छैन, यो निक्कै गडेको हुन्छ, उनी भन्छिन्।

'रहातलाई आफ्नो कुरूप शरीरको केही चिन्ता छैन, उनी न्यायको खोजीमा सङ्घर्षरत छिन्। नयाँ कानुन चाँडै आउनेछ र उनका अपराधी जेलमा हुनेछन्। यद्यपि अहिलेका निम्ति पाकिस्तानका प्रधानन्यायाधीशको निर्देशन आए पनि छ महिनादेखि उनी प्रतिज्ञा गरिएको आर्थिक सहायता प्राप्त हुने पर्खाइमा छिन्।

## 'अक्षरभित्रका स्रष्टाहरू' विमाचित

काठमाडौं। जनमत प्रकाशनले विभिन्न जिल्लाका १५ जना कवि-कवियत्रीहरुलाई हालै राजधानीमा आयोजित एक कार्यक्रममा सम्मान गऱ्यो। सोही अवसरमा कवि मोहन दुवालद्वारा संकलित एवं सम्पादित अक्षर भित्रका स्रष्टाहरु खण्ड-१ को विमोचन पनि गरिएको थियो।

उक्त संग्रहमा कवि महेन्द्रलाल प्रधानलगायत ५ सय ५५ जना स्रष्टाहरुको हस्ताक्षर संग्रहित छन्। जनमत प्रकाशनका अध्यक्ष मोहन दुवालको सभापतित्व, कूलपति वैरागी काइलाको प्रमुख आतिथ्य र रामप्रसाद ज्ञवालीको आतिथ्यमा सम्पन्न कार्यक्रमको सञ्चालन कृष्ण सुवेदीले गरेका थिए।

*देशमा शान्ति, सुव्यवस्था र विकास सबै नेपालीहरुको चाहना हो । यसप्रति प्रतिबद्ध हुनु नेपालीहरुको कर्तव्य हो ।*

नेपाल सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**
सूचना विभाग

## संखुवासभाको खबर

### विस्तापितले राहत पाएनन्

खाँदबारी / माओवादी सशस्त्र द्वन्दकालमा संखुवासभाका विभिन्न स्थानबाट विस्थापित भएका ८० परिवाले अझै राहत पाएका छैनन्। सशस्त्र द्वन्दकालमा संखुवासभामा विस्थापित भएका एक सय ३२ परिवारमध्ये ८० परिवारले राहत नपाएको तथ्याङ्क स्थानीय शान्ति समितिले हालै सार्वजनिक गरेको हो। ती परिवारलाई राहत दिलाउन सरकारी पक्षबाट भइरहेको पहल अपुग भएको समितिले जनाएको छ।

तत्कालीन नेकपा माओवादीबाट विस्थापित भएकामध्ये ५२ परिवारले भने यसअघि नै समान्य राहत पाइसकेका छन्। राहतस्वरुप ती परिवारलाई १९ लाख रुपौयाँ वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। शान्ति कायम गराउन द्वन्दपिडीत परिवालाई सान्त्वना स्वरुप सरकारले राहत वितरण गर्ने निर्णय गरेको थियो। सरकारी उदासीनताका कारण विस्थापित परिवारले राहत पाउन नसकेको शान्ति समितिका जिल्ला संयोजक मुक्तिसिं राईको भनाइ छ। द्वन्दको अन्त्यसँगै स्थानीयस्तरमा शान्ति कायम गराउन द्वन्दपीडित परिवारलाई सान्त्वना स्वरुप सरकारले राहत विरतण गर्ने निर्णय गरेको थियो। सरकारले सामान्य प्रभावित प्रतिपरिवार ६ हजार रुपैयाँ देखि अधिकतम २५ हजारसम्म राहत वितरण गर्ने निर्णय गरेको थियो।

स्थानीय शान्तिसमितिले पहिचान गरेका विस्थापित वर्गीकरण गर्दै जिल्ला प्रशासन कार्यालय मार्फत शान्ति तथा पुनर्निमाण मन्त्रालयले पाठाएको राहत रकम विस्थापित परिवारलाई उपलब्ध गराएको जानकारी शान्ति समितिका सचिव टीकाराम श्रेष्ठले दिए। जिल्ला विस्थापितको पहिचान गरिएको र राहत पाएकाहरू घर फर्किएसकेको छ र नपाएकाको अवस्था के छ भन्ने बारेमा समेत जानकारी नभएको उनले बताए। प्रशासनले निमय पुऱ्याएर आएका विस्थापित परिवारलाई राहत वितरण गरेको जनाएको छ। प्रमुख जिल्ला अधिकारी राजीव पोखरेलका अनुसार पहिलो चरणमा प्राप्त राहत रकम विस्थापित परिवारलाई विरतण गरेर सकिएको बताए। उनले भने, 'दोस्रो चरणको रकम प्राप्त भएको छैन।' बाँकी विस्थापितका लागि राहत रकम आउने नआउने टुङ्गो नभएको प्रशासनले जनाएको छ।

### सालकसहित पक्राउ

खाँदबारी। दुर्लभ वन्यजन्तु सालकको खपटासहित संखुवासभाको खाँदबारी नगरपालिका ९ का १८ वर्षीय नवीन तामाङलाई प्रहरीले आइतबार पक्राउ गरेको छ। तामाङलाई १२ किलोग्राम सालकको खपटासहित बाह्रबिसे प्रहरीचौकीबाट गस्तीमा आएको प्रहरी टोलीले उनकै घरबाट पक्राउ गरेको संखुवासभाका प्रहरी नायबउपरीक्षक शेखर कोइरालाले बताए।

### अरुण नदीमा बेपत्ता

खाँदबारी। संखुवासभाको तुम्लिङटारबाट भोजपुरको दिङ्ला जाने क्रममा अरुण नदीमा पौडी खेल्दा बेपत्ता भएका भोजपुर केउरेनीपानी ८ का ४० वर्षीय गोपालमान राई अझै फेला परेका छैनन्। प्रहरीका अनुसार तुम्लिङटारमा लाग्ने हाटबाट फर्कने क्रममा राई शुक्रबार दिउँसो अरुण नदीमा पौडी खेल्न पसेका थिए।

### घरमा आगो लगायो

खाँदबारी। संखुवासभाको खाँदबारी नगरपालिका-३ स्थित अर्जुनकुमार राईको घरमा आगो लगाएको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ। गत जेठ १४ गते राईको घरमा आगलागी भएको थियो। प्रहरीले पक्राउ गरेपछि स्थानीय अर्जुन पोखरेलले राईको घरमा आगो आफैंले लगाएको स्वीकार गरेको संखुवासभाका प्रहरी नायब उपरीक्षक शेखर कोइरालाले बताए।

### धम्कीले सचिवहरू त्रसित

संखुवासभा। संयुक्त जातीय मुक्ति मोर्चा नेपाल नामक संगठनले बुधबार संखुवासभाका सम्पूर्ण गाविस सचिवलाई तत्काल पदबाट राजीनामा दिन धम्की दिएको छ। धम्कीबाट यहाँका गाविस सचिव त्रसित भएका छन्।

मोर्चाका महासचिव मुक्तिदाताद्वारा हस्ताक्षरित धम्कीपत्र बुधबार प्राप्त भएको गाविस सचिवले बताए। पहिलोपटक गाविस सचिवलाई राजीनामा दिन धम्की दिइएको हो। मोर्चाले गाविस सचिव हकहित संरक्षण केन्द्रका नाममा पत्र पठाउँदै तत्काल गाविस सचिवले राजीनामा नदिएमा जुनसुकै कारवाही गर्न सकिने र त्यसको जिम्मा सम्बन्धित सचिवले नै लिनुपर्ने उल्लेख छ। धम्कीको कारण गाविस सचिव त्रसित बनेको गाविस सचिव हकहित संरक्षण केन्द्र संखुवासभाका अध्यक्ष गोविन्द घिमिरेले बताए।

धम्की आएपछि संखुवासभाका ३३ वटै गाविससचिव कार्यक्षेत्र छोड्ने तरखर रहेको बताउँछन्। आर्थिक वर्षको अन्त्य हुन लागेको र कामको भार बढी भइराखेको बेला राजीनामा दिन धम्कीसहित पत्र प्राप्त भएपछि काम गर्न समस्या भएको भन्दै गाविस सचिव हकहित संरक्षण केन्द्रले सरकारसँग सुरक्षा माग गरेको छ। गत जेठ १४ गते संविधान जारी गर्न नसकेका कारण देशमा उत्पन्न संकट टार्न पनि आफ्नो संगठन सक्रिय भएको मोर्चाको पत्रमा उल्लेख छ।

## झलनाथको...

'घुम्ने, डुल्ने, ठाँटिने र मच्चिँदै थच्चिँदै कुरा बटार्ने- फेरि बोल्ने अनि सम्हालिने शैलीका झलनाथ खनालले फेरि गत शुक्रबार विराटनगर पुगेर अर्को भविष्यवाणी गरेका छन्। झलनाथले गरेको पछिल्लो घोषणा अनुसार- एक साताभित्र राष्ट्रिय सहमतिको सरकार निर्माण भइसक्नेछ। पटक पटक झल्लिएर झुलेर, झुक्किएर र झस्केर व्यक्त गर्ने उनका अभिव्यक्ति यसपाली पनि 'झल्लु' घोषित हुने हो कि के ठेगान ! सर्वत्र चर्चा छ।

## सरकार...

प्रस्ताव अध्यक्ष दाहालले प्रस्तुत गर्नेछन्। साथै हाल स्थगित 'प्रचण्डपथ' का विषयको प्रस्ताव पनि राखिने स्रोतले जनाएको छ। बैठकको तयारीका लागि भदौ महिनाभित्र जिल्ला र क्षेत्रीय भेला सम्पन्न गरिसक्ने निर्णय पनि बैठकले गरेको छ।

पोलिटव्यूरो बैठकमा माओवादी पार्टी उपाध्यक्ष मोहन वैद्यले पार्टीमा दक्षिणपन्थी र मध्यमार्गी हावी हुन थालेको र सैद्धान्तिक विचलन आउन लागेको बताएपछि अर्का उपाध्यक्ष भट्टराईले जडसूत्रवादी प्रवृत्ति पनि जीवितै रहेको भन्दै प्रतिवाद गरेको स्रोतले जनायो। 'पार्टीमा दक्षिणपन्थी र मध्यमार्गी प्रवृत्ति मौलाउन थालेको छ। वैद्यको भनाइ थियो, 'यी प्रवृत्ति अन्त्य गरी पार्टीलाई क्रान्तिकारी बाटोमा अघि बढाउनुपर्छ'। त्यसलगत्तै भट्टराईले कुनै पनि व्यक्ति विशेषलाई आरोपित गर्न नहुने बताएका थिए।

घरेलु र विदेशी प्रतिक्रियावाद भनेको के हो, त्यो कहाँ कसमा निर्दिष्ट छ, स्पष्ट छैन। त्यसैगरी दक्षिणपन्थी जडसूत्रवाद र विसर्जनवादका उनै पुराना 'कम्युनिष्ट कुरा' उठेका छन्- त्यसैले माओवादी घुमिफिरी फेरि उही ठाउँमा र सरकार, सदन एवं सडकबाहेक उसको नीति घोर अस्पष्ट छ भन्ने आम टिप्पणी छ।

पोलिटव्यूरो बैठकको आलटाले सम्पन्नतापछि आयोजित पत्रकार सम्मेलनमा माओवादी अध्यक्ष प्रचण्डले आफ्ना लडाकूको पूरै सेना समायोजन हुनुपर्ने जिकिर गरेका छन्। प्रचण्डले बजेट अधिवेशन र सरकारको विरोधमा उत्रने कुरामा पनि जोड दिएका छन्।

## माओवादी...

छन्। तर माओवादी पीडितहरूले प्रधानमन्त्रीको यो अभिव्यक्तिलाई केवल आदर्शवादी झाराटारी र निभ्ने बेलाको बत्तीको अर्थमा मात्र लिएका छन्।

## मन्दिर...

व्यस्त सडक, शिक्षण संस्था र अस्पताल तथा हुँदाहुँदा मन्दिर अगाडि नै पनि गोली चलेको अवस्था छ। मैतीदेवी मन्दिर अगाडि नै पनि गोली चलेको अवस्था अहिले घटित छ। यस स्थितिमा गृहमन्त्रीका अभिव्यक्ति आफैंमा अनर्थ छन्।

## सरकारी...

डाइरेक्टरहरूले चलाई रहेका छन्- सत्तासीन नेताहरू आफ्नै तालमा नाचिरहेका छन्। मुलुकको प्रमुख प्रतिपक्षी दललाई विश्वासमा लिएर र संसद चलाउने र संविधान निर्माणका निम्ति सम्विधानसभालाई सुचारु गर्ने कुरा पनि सबै व्यर्थ सिद्ध भएका छन्।

यसले गर्दा सरकारी नीति धरापमा छ र वार्षिक बजेट शीतल निवासको अध्यादेशमा आउने तरखर भएको छ। माकुने सरकारको यो धर्मसंकटको समाधान र निष्कर्ष कहाँ, कसरी, के, कुन प्रकारको हुने हो, स्पष्ट छैन।

## सचिवहरुको...

आतंक, धम्की, दबाब उनीहरूलाई परेको छ। यसैक्रममा पटक पटक गाविस सचिवहरूले आफ्नो असुरक्षा र पीडालाई बोध गरी पदबाट हात धुँदै आएका छन्। भर्खरै प्राप्त समाचारअनुसार असुरक्षा तथा चन्दा आतंकबाट आजित भएर रौतहटका ९४ गाविसका सचिवहरूले सामूहिक राजीनामा दिएका छन्। स्थानीय विकास, गृह प्रशासन यसप्रति उदासिन छ। त्यसैगरी म्याग्दी जिल्लाका ४१ गाविस सचिवहरूले पनि सामूहिक राजीनामा दिएका छन्।

# मधेशमा संस्थागत अराजनीति

*राजेश अहिराज*

हल्ला, हत्या, हुल र हिंसामा केन्द्रित मधेशको राजनीतिभित्र ध्रुवीकरण हुँदै गईरहेको छ। विभिन्न दल र समूह भित्रबाट खसगुरुप्रति समर्पित राजनीतिले साख गुमाउदै र पैसा कमाउदै हिडेको छ। अर्को पक्षले मधेशको धरातललाई कब्जा गर्न मधेश विरोधीलाई सफाया गर्ने नीति अन्तर्गत ध्रुवित भईरहेका छन्। मधेशी मूलकै दुई ध्रुवबीच भिडन्तको तयारी पनि हुदैछ। सरकारवादी मधेशी समूह र सरकार विरोधी मधेशी समूहहरूबीच मोर्चाबन्दीको कार्यले तिव्रता लिएको छ। मधेशी-मधेशीबीच भिडन्तको अवस्था श्रृजना गरेर मधेशबाट मधेशवादीलाई लखेट्ने प्रपण्चमा माओवादी लगायत अन्य ठूला दलहरू सक्रिय छन्।

सरकारवादी मधेशी दलको मधेशमा पकड सिद्धिदै छ भने ठूला दलहरू मधेशमा पुन: विस्तारित हुन थालेका छन् । विभिन्न नियोग, नेता, पार्टी र सुरक्षा निकायद्वारा खोलिएका सशस्त्र समूह र राजनीतिक दलहरू मधेशबाटै राजनीतिक वहिष्कार हुन थालेको अवस्था छ। मधेशको नाममा खोल्ने तर मधेशीकै हत्या, लुट, बलात्कार, अपहरण गर्ने। मधेशमै बन्द, हडताल गराउने। मधेशभित्र कर्मचारी बस्न नदिएर मधेशीकै कामकाजमा अवरोध श्रृजित गर्ने, मधेश विरोधी नीतिलाई अपव्याख्या गरेर मधेश कै आडमा सत्ता प्राप्त गर्ने निर्लज्ज प्रवृतिका नेता र पार्टीहरूको सफाया गर्न केही सशस्त्र समूहहरू उद्धत छन्।

मधेशको आडमा गरिने संस्थागत अराजनीतिलाई सुधार गर्न सकिएन भने मधेशले निकट भविष्य मै केही नेता, पार्टी र जनताको बलिदान दिनु पर्ला। नागरिक सर्वोच्चताको आडमा नागरिकलाई दु:ख दिने, आस्था भन्दा पनि दवावमा बन्द, हड्ताल गराउने सपना देखाएर सरकारमा छिर्ने जस्ता क्रियाकलापका कारण आज मधेश आक्रान्त भएको छ। मधेशको सामाजिक, आर्थिक र धार्मिक पक्षलाई मात्र छोडेर लाभ सहितको राजनीतिक पक्षलाई मात्र आधार बनाएर मधेशवादीहरू उफ्रिरहेका छन्। संविधान निर्माण भन्दापनि सरकारमा जाने र टिकी राख्ने षड्यन्त्र मै सम्पूर्ण शक्ति होमेर लागि परेका मधेशी दलका नेताहरूको भविष्य संकटमा छ। मधेशबाटै विस्थापित हुन थालेका छन्।

टुक्रा टुक्रामा रहेका फोरम र सद्भावनाको गतिविधि दिन प्रतिदिन लज्जास्पद हुँदै गईरहेको छ। आ आफ्नै पार्टी र पद जोगाउन सहकर्मीहरूलाई दलाल, एजेण्ट, मधेश विरोधी र खसपुत्र भन्न थालेका छन्। आरोप प्रत्यारोपबीच मधेशी दलहरू व्यस्त छन्। संविधान निर्माण भन्दा पनि सरकारमै व्यस्त हुन थाले मधेशवादीहरू। मधेशको समस्यालाई जीवन्त राखेर आफ्नो रोजगार बढाउन प्रति इमान्दार मधेशी नेताहरू आपसमा एकता कायम गर्न सक्दैनन् तर **'समग्र मधेश एक प्रदेश'**को नारा अलाप्न छाड्दैनन्। मधेशका समस्यालाई यथावत राखी पार्टीका गतिविधि सक्रिय पारेर मधेशमा आक्रान्त राजनीति गर्नेहरूको भीड बढ्दै गएको छ। आफू बाहेक सबै मधेश विरोधी र विदेशी दलालको रुपमा हेर्ने परिपाटी अधिकांश मधेशीदल र नेताहरूमा विद्यमान छ। आफूहरू मात्र सरकारमा जाने र बसिरहनु पर्ने मान्यता बोकेका अधिकांश मधेशवादीहरू स्वत: मधेशबाट बढारिदै छन्। नागरिकताको सवालमा मधेशी विरोधी बूँदाहरू प्रस्तावित हुँदा पनि मौन बसिरहेका मधेशीदलहरू सरकारमा छन्, अधिंकाश मधेशी मूलका मन्त्रीहरू छन् तर निर्णयहरू मधेश विरोधी भै राखेका छन्। मधेशी शहिदको अवमूल्यन, प्राकृतिक प्रलय बीच फसेको मधेश, राजनीतिक दाउपेचमा ठगिएका मधेशी र सरकारी आतंकको बीचमा बाँचेको मधेशी जीवनलाई कसरी जोगाउने भन्ने चिन्ताको विषय बनेको छ। उपराष्ट्रपति प्रकरणमा निर्लज्जताको पराकाष्ठा पार गरेका मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक), तमलोपा, सद्भावना र ठूला दलमा झुण्डिएर बसेका मधेशी सभासद्हरू आफनै हातले मातृभूमिलाई ठगिराख्दा आत्म पीडा पनि नहुनुले मधेशमा लज्जास्पद राजनीति भै रहेको छ। मधेश र मधेशीको रक्षाका लागि खुलेका सरकारी मधेशवादीहरू मधेश विरोधी गेम प्लानमा फँसिरहेको छ।

## यो साताको कविता

### जनता लुट्नेलाई

– *अभ्युदय खनाल*

माफ गरिदिए नेपालीले जनता लुट्नेलाई
चन्दा दिन नसक्दा बुढी आमा कुट्नेलाई ।

मेरा गुरु रुखमा बाँधी छाला ताछ्दा के भयो र
अघि लगाई मोर्चामा निर्दोष जनता भुट्नेलाई ।

माफै भयो नेपालीको एकतामा विषय घोलेको
के नै हुन्छ साथी मारी खुलमखुल्ला छुट्नेलाई ।

जिम्मेवारी दिंदा भाग्ने आलोचना मात्र जान्ने
अरुको हातमा चाबी देख्दासाथ टुट्नेलाई ।

नलेखौं केही पनि केको सास्ती कलमलाई
के छोला र शब्दले तरबार बोकी रेट्नेलाई ।

धन्न हो बाहिर–बाहिर जुन प्रभूलाई गाली गऱ्यौ
आँखा छली अँध्यारोमा उही प्रभु भेट्नेलाई ।

# साना दलको पनि चुरीफुरी

काठमाडौं / ठूला तीन दल भनिने माओवादी, कांग्रेस र एमालेका अनेक चर्तिकला र कन्तविजोग देखेपछि साना दल भनिने फोरम, लोकतान्त्रिक, सद्भावना, राप्रपा, जनशक्ति, माले जस्ता पार्टीहरू पनि अहिले चुरीफुरी गर्न लागिपरेका छन्।

ठूला दलले राष्ट्रिय सहमतिको सरकार निर्माण गर्न नसकेपछि अब सरकारको नेतृत्व साना दलबाट हुनुपर्छ भन्ने उनीहरूको दावी प्रकट हुन थालेको छ। ठूलो भाइले नसकेपछि कान्छो भाइको पालो आउनुपर्छ, यो मान्यता बहुमतीय प्रजातान्त्रिक सिद्धान्तको विपरित त छ नै तथापि कहीँ नभएको राजनीतिक जात्रा हुने नेपालमा सहमतीय तथा अल्पमतीय राजनीतिक यथार्थताका कारण साना दलको चुरीफुरी पनि विशेष रुपले उजागर हुने गरेको छ।

साना दल भनिने मध्ये अहिले बढी फूर्ति विजयकुमार गच्छेदार नेतृत्वको मधेशी जनअधिकार फोरम, लोकतान्त्रिकको आवाज ज्यादा चर्को छ। वर्तमान सरकारमा स्वयम् उपप्रधानमन्त्री रहने अनि आफैं विद्यमान सरकारको विरोध गर्ने यो शैली आफैंमा अनौठो छ। – *सकुन रिमाल (प्रशिक्षार्थी)*

**छोराछोरीमा भेदभाव नगरौं।**
**छोरीलाई पनि स्कुल पठाऔं।**

